गाउँ कार्यपालिकाको
मिति:- २०८१/०६/१६
(बैठक संख्या:- ०४-२०८१/०८२)

आज मिति २०८१ साल असोज १६ गते तदनुसार नेपाल संवत ११४४, ञंलागा, आमै बुधबारका दिन बारेकोट गाउँपालिका अध्यक्ष श्री वीर बहादुर गिरी ज्यूको अध्यक्षतामा निम्न पदाधिकारीहरुको उपस्थितिमा बैठक बसी देहायका प्रस्तावहरु उपर छलफल गरि निर्णय गरियो।

उपस्थिति

| | |
|---|---|
| श्री वीर बहादुर गिरी | अध्यक्ष |
| श्री नर बहादुर गिरी | उपाध्यक्ष |
| श्री ऐन बहादुर गिरी | सदस्य गाउँ कार्यपालिका |
| श्री बीर बहादुर घर्ती | सदस्य गाउँ कार्यपालिका |
| श्री राम बहादुर सिंह | सदस्य गाउँ कार्यपालिका |
| श्री विष्णु बहादुर रावत | सदस्य गाउँ कार्यपालिका |
| श्री गोरख बहादुर थापा | सदस्य गाउँ कार्यपालिका |
| श्री डम्बर बहादुर महतारा | सदस्य गाउँ कार्यपालिका |
| श्री विशाल किरण बस्नेत | सदस्य गाउँ कार्यपालिका |
| श्री योगेन्द्र बहादुर सिंह | सदस्य गाउँ कार्यपालिका |
| श्री दान बहादुर शाही | सदस्य गाउँ कार्यपालिका |
| श्री दील बहादुर नेपाली | सदस्य गाउँ कार्यपालिका |
| श्री दिपक नेपाली | सदस्य गाउँ कार्यपालिका |
| श्री कमला कामी | सदस्य गाउँ कार्यपालिका |
| श्री कल्पना नेपाली | सदस्य गाउँ कार्यपालिका |
| श्री विष्णु वि. क. | सदस्य गाउँ कार्यपालिका |
| श्री नैनी नेपाली | सदस्य गाउँ कार्यपालिका |
| श्री लोक राज खत्री | सदस्य सचिव |
| श्री विष्णु सिंह | वडा नं: ४ का.वा. अध्यक्ष |
| श्री शेर बहादुर चलाउने | वडा नं ६ का.वा. अध्यक्ष |

गाउँ कार्यपालिक
मिति:- २०८१/०६/१६

बारेकोट गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक संख्या:- ०४-२०८१/०८२)

**प्रस्तावहरु:**

१. कार्यपालिका बैठकको समिक्षा सम्वन्धमा।
२. दशैं, तिहार, छट लगायतका चाडपर्वको शुभकामना आदानप्रदान सम्वन्धमा।
३. बजार अनुगमन सम्बन्धमा।
४. कार्यविधि स्वीकृत गर्ने सम्वन्धमा।
५. बाटो मर्मत तथा फोहोमैला व्यवस्थापन गर्ने सम्वन्धमा।
६. गत वर्षको बाँकी बजेट विनियोजन सम्वन्धमा।
७. आपतकालिन कार्यसञ्चालन केन्द्र सञ्चालन सम्बन्धमा।
८. प्रधानमन्त्री रोजगार कार्यक्रमको योजना अनुमोदन सम्बन्धमा।
९. वडा स्तरीय वजार अनुगमन समिति गठन सम्बन्धमा।
१०. गाउँपालिकाको जग्गा प्राप्तिको लागि समिति गठन सम्बन्धमा।
११. औषधी उपचार खर्च सम्बन्धमा।
१२. सांस्कृतिक कार्यक्रम सञ्चालन खर्च।
१३. मौलो पुजा सम्बन्धमा।
१४. भूकम्पबाट क्षति भएका भवनहरु पुनःनिर्माणको लागि योजना माग सम्बन्धमा।
१५. मेडिकल अधिकृतको थप प्रोत्साहन भत्ता सम्वन्धमा।
१६. अपरेटर नियुक्ति गर्ने सम्वन्धमा।

**निर्णय नं. १**

बारेकोट गाउँपालिकाको अघिल्लो कार्यपालिका बैठकमा भएका निर्णयहरु कार्यान्वयनको अवस्था बारे छलफल गरियो। कार्यपालिका निर्णयलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न सबै सरोकारवालाहरुसँग समन्वय र सहकार्य गर्ने।

**निर्णय नं. २**

हिन्दुहरुको महान चाड बडा दशैं, शुभ दिपावली र छठ पर्वको अवसरमा जनप्रतिनिधिहरु, प्रमुख राजनीतिक दलका प्रतिनिधिहरु, शिक्षक, बुद्धिजीवी, नागरिक समाज, शाखा प्रमुख कर्मचारीहरुबीच शुभकामना आदानप्रदान गर्ने। साथै वडा दशै, दिपावली र छठ पर्वको

लोकराज खत्री
प्रमुख प्रशासकीय अधिकृत



CamScanner

गाउँ कार्यपालिका
मिति:- २०८१/०६/१६

बारेकोट गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक संख्या:- ०४-२०८१/०८२)

**निर्णय नं. ३**

बारेकोट गाउँपालिका क्षेत्र अन्तर्गत रहेका मुख्य मुख्य बजारहरुमा वस्तुहरूको मूल्य, गुणस्तर र उपभोक्ता अधिकारको संरक्षणका लागि स्थानीय बजार अनुगमन समितिद्वार प्रभावकारी रुपमा अनुगमन गर्ने।

**निर्णय नं. ४**

मिति २०८१ साल भाद्र ३० गतेको कार्यपालिकाद्वारा गठित कार्यविधि निर्माण समितिले तयार गरेको तपसिल अनुसारका कार्यविधिहरु उपर कार्यपालिकाबाट छलफलमा उठेका महत्वपूर्ण सुझाबहरुलाई संलग्न गरि स्वीकृत गर्ने।

**तपसिल**

१. होमस्टे सञ्चालन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि २०८१

२. ब्याकहो लोडर डोजर सञ्चालन रेखदेख सम्बन्धी कार्यविधि २०८१

**निर्णय नं. ५**

चाडपर्वको अवसरमा गाउँपालिका भित्र आवतजावतलाई गर्ने नागरिकहरूलाई सहज बनाउन र दैनिक उपभोग्य बस्तुहरुको आपूर्तिलाई सहज बनाउन गाउँपालिका भित्रका सडकहरुलाई मर्मत गर्ने। साथै गाउँपालिका क्षेत्र भित्रका बजार विद्यालय क्षेत्र सरकारी भवन पालिका परिसर लगायतका क्षेत्रहरुमा सरोकारवालाहरुको सहभागितामा सरसफाई अभियान सञ्चालन गर्ने।

**निर्णय नं. ६**

गत वर्षको बाँकि रकमबाट देहायका शिर्षकहरुमा रकम बिनियोजन गर्नेः

१. डाक्टरको प्रोत्साहन भत्ता : रु. ४०००००।–

२. गाउँपालिकाको डोजर मर्मच सम्भार : रु. १००००००।–

३. डोजर प्रयोजनको लागि इन्धन : रु. १००००००।–

४. डोजर अपरेटर तलब भत्ता: रु. ५०००००।-

लोकराज खत्री
प्रमुख प्रशासकीय अधिकृत

बारेकोट गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक संख्या:- ०४-२०८१/०८२)

**निर्णय नं. ७**

गाउँपालिकामा हालसम्म आपत्कालिक कार्य सञ्चालन केन्द्र स्थापना तथा सञ्चालन नभएको र २०८१ असाढ १० गतेको गाउँसभाबाट आपत्कालिन कार्यसञ्चालन केन्द्र सञ्चालन कार्यविधी २०८१ पास भई सकेकाले गाउँपालिकामा तत्काल आपत्कालिन कार्य सञ्चालन केन्द्र स्थापना तथा सञ्चालनका लागि आवश्यक सहयोगका लागि People in Need र CSRC को साझेदारीमा सञ्चालित प्रतिवद्ध परियोजना र अन्य दातृ निकायहरु सँग अनुरोध गर्ने। साथै आपत्कालिन कार्य सञ्चालन केन्द्र स्थापना तथा सञ्चालनका लागि छुट्टै कार्यकक्षको स्थापना गर्न तत्काल पहल गर्ने।

**निर्णय नं. ८**

आ.व. २०८१/०८२ सालमा सम्पन्न गर्नुपर्ने प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत छनौट भएका तपसिल बमोजिमका आयोजनाहरु अनुमोदन गर्ने।

**तपसिल**

| क्र सं | वडा नं | आयोजनाको नाम | श्रोत | विनियोजित बजेट |
|---|---|---|---|---|
| १ | १ | कुलाचौर देखि ओखलढुङ्गा सम्म बाटो तथा कूलो मर्मत | IDA | ४००८०० |
| २ | १ | ओखलढुँगा देखि छेरा सम्म गोरेटो बाटो तथा छेरा RCC पुल निर्माण | नेपाल सरकार | ४६७६०० |
| ३ | २ | श्री जनज्योती आ वि फिल्ड मर्मत | IDA | २६७२०० |
| ४ | २ | सार्वजनिक शौचालय निर्माण बारेकोट २ अर्यना | नेपाल सरकार | ३३४००० |
| ५ | ३ | घोरलेडाँडा देखि कोथी साइकुवाँरी घोरेटो बाटो मर्मत | IDA | ३३४००० |
| ६ | ३ | स्याँला मुल्साम ढलनिकाश निर्माण | नेपाल सरकार | ४००८०० |
| ७ | ४ | तलगाउँ ओक्टी मारीचौर घोरेटो बाटो निर्माण | नेपाल सरकार | ३३४००० |
| ८ | ४ | अर्जुन सुवास बालविकास केन्द्र फिल्ड मर्मता | IDA | २६७००० |
| ९ | ५ | सामुदायिक भवन निर्माण करुका | नेपालसरकार | ३३४००० |
| १० | ५ | मौला नायकवाडा सिलिङ्गी फिल्ड घेराबार तथा प्रतिक्षालय मर्मत | IDA | २६७००० |
| ११ | ६ | गरकच कोट हुदै माझखर्क सम्म घोरेटो बाटो निर्माण योजना | नेपाल सरकार | २६७००० |
| १२ | ६ | किमेरेडाँडा देखी झेग्राहाल्न सम्म नाला निर्माण योजना | IDA | २००४०० |

लोकराज खत्री
प्रमुख प्रशासकीय अधिकृत

गाउँ कार्यपालिका
मिति:- २०८१/०६/१६

बारेकोट गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक संख्या:- ०४-२०८१/०८२)

| | | | | |
|---|---|---|---|---|
| १३ | ७ | लमेला पानी देखि धोरिया ढुंगा घोरेटो बाटो मर्मत | IDA | ३३४००० |
| १४ | ७ | हरिहर आ वि ३ कोठे शौचालय निर्माण | नेपाल सरकार | ३९४४०० |
| १५ | ८ | ढाँराखोला देखि रुहिनेपानी हुदै बोल्लेपाट सम्म घोरेटो बाटो निर्माण योजना | नेपाल सरकार | ३३४००० |
| १६ | ८ | सेपुखोला डाँडागाउँ ज्यामिरचौर घोरेटो बाटो मर्मत | IDA | २६७००० |
| १७ | ९ | वडा कार्यालय घेरावार निर्माण | नेपाल सरकार | ३३४००० |
| १८ | ९ | आधारभूत स्वास्थ्य इकाई घेरावार मर्मत | IDA | २६७००० |
| | | जम्मा | | ५२०३२००० |

**निर्णय नं. ९**

बारेकोट गाउँपालिका अन्तर्गत १-९ वटै वडाको क्षेत्रभित्र रहेका मुख्य बजारहरुमा मूल्य, गुणस्तर र उपभोक्ताहरुको अधिकार संरक्षणका लागि बजार अनुगमनलाई प्रभावकारी बनाउन प्रत्येक वडामा तपसिल बमोजिमको बजार अनुगमन समिति गठनका लागि पत्राचार गर्ने।

**तपसिल**

| | |
|---|---|
| सम्बन्धित वडाको वडा अध्यक्ष | संयोजक |
| सम्बन्धित वडाका वडा सदस्य (४) जना सबै | सदस्य |
| सम्बन्धित वडाको सबै भन्दा नजिकको सुरक्षा कार्यालयको प्रतिनिधि | सदस्य |
| सम्बन्धित वडा भित्र रहेको स्वास्थ्य संस्था मध्यबाट एकजना | सदस्य |
| सम्बन्धित वडाको वडा सचिव | सदस्य सचिव |

**निर्णय नं. १०**

गाउँपालिकाको प्रशासकीय भवन निर्माणको गर्न आवश्यक पर्ने जग्गा प्रासिको प्रक्रिया अगाडि बढाउन तपसिल बमोजिमको समिति गठन गर्ने।

**तपसिल**

| | | |
|---|---|---|
| वीर बहादुर घर्ती | (२ नं. वडा अध्यक्ष) | संयोजक |
| राम बहादुर सिंह | (३ नं. वडा अध्यक्ष) | सदस्य |
| ऐन बहादुर कार्की | (१ नं. वडा अध्यक्ष) | सदस्य |
| श्रम बहादुर सिंह | (योजना शाखा प्रमुख) | सदस्य |
| डम्बर बहादुर पुन | (जिन्सी शाखा प्रमुख) | सदस्य सचिव |

लोकराज रसो
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

गाउँ कार्यपालिका
मिति:- २०८१/०६/१६

बारेकोट गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक संख्या:- ०४-२०८१/०८२)

**निर्णय नं. ११**

बारेकोट गाउँपालिका वडा नं. ४ मैना निवासी मृगौला पिडित श्री धर्मेन्द्र वि.क.को मृगौला प्रत्यारोपन गर्नुपर्ने भएकोले निजलाई राहत स्वरुप उपचार खर्च बापत आकस्मिक स्वास्थ्य उपचार कोषबाट खर्च लेख्ने गरि रु. १००००० (अक्षेरूपी एक लाख रुपैया) उपलब्ध गराउने।

**निर्णय नं. १२**

बारेकोट गाउँपालिका क्षेत्र भित्र विद्यमान कला, साहित्य, भाषा, धर्म, इतिहास, प्रम्परागत मूल्यमान्यता, रितिरिवाजहरुको संरक्षण, संवर्द्धन र उत्थान गर्न गाउँपालिका भित्र प्रम्परागत रुपमा सञ्चालन हुँदै आएका प्रमुख सांस्कृतिक मेलाहरुको लागि प्रत्येक वडामा दामासाही रु. ५०००० (पचास हजार रुपैंया मात्र) कला संस्कृति तथा मेला प्रवर्द्धन शिर्षकबाट खर्च लेख्ने गरि उपलब्ध गराउने।

**निर्णय नं. १३**

विजया दशमीको उपलक्षमा बारेकोट गाउँपालिकाको विभिन्न स्थानहरुमा मौलो पुजा गर्ने प्रचलन भए अनुसार तपसिलका स्थानहरुमा मौलो पुजाको लागि आ.व. २०८१/०८२ को वार्षिक बजेट तथा कार्यक्रम अनुसार तपसिल बमोजिम भुक्तानी दिने।

**तपसिल**

१. गोठगाउँ मौलो पुजा वडा नं. ४ रु. २००००।–
२. राँगाबाँचिला लिसन फेर्ने पुजा वडा नं. ४ रु. २००००।–
३. सिलिङ्गी चौर मौलो पुजा वडा नं. ५ रु. २००००।–
४. नायकबाडा मौलो पुजा वडा नं. ५ रु. २००००।–
५. सुवाकोट मौलो पुजा वडा नं. ७ रु. २००००।–
६. छुतिपाल्ती मौलो पुजा वडा नं. ८ रु. २००००।–
७. सक्ला मौलो पुजा वडा नं. ९ रु. २००००
८. गाउँपालिका भित्र रहेका ४ वटा सुरक्षा निकायहरुलाई रु. ४००००।–

लोकराज खत्री
प्रमुख प्रशासकीय अधिकृत

गाउँ कार्यपालिका

मिति:- २०८१/०६/१६

बारेकोट गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक संख्या:- ०४-२०८१/०८२)

**निर्णय नं. १४**

बारेकोट गाउँपालिका वडा नं. १ रामीडाँडा केन्द्रविन्दु भई गएको विनासकारी भूकम्पबाट क्षति भएका विद्यालय भवन र स्वास्थ्य भवनहरुको तत्तकाल पुनःनिर्माण गर्नुपर्ने भएकोले तपसिल बमोजिम छनौट भएका आयोजनाहरुको विवरण पूर्वाधार विकास कार्यालय जाजरकोट मार्फत आवश्यक रकम माग गर्ने।

**तपसिल**

| क्र.सं. | विवरण | ठेगाना | अनुमानित लागत |
|---|---|---|---|
| सामुदायिक विद्यालय योजनाहरु | | | |
| १. | श्री सीता माध्यामिक विद्यालय | बारेकोट-६ कार्कीज्यूला | रु. ६५००००० |
| २. | श्री महादेव आधारभूत विद्यालय | बारेकोट-३ रुम्सील | रु. ५०००००० |
| ३. | श्री भगवति आधारभूत विद्यालय | बारेकोट-१ वयाला | रु. ४५००००० |
| ४. | श्री दीपेन्द्र माध्यामिक विद्यालय | बारेकोट-९ सक्ला | रु. ६५००००० |
| ५. | श्री जनता आधारभूत विद्यालय | बारेकोट-५ कागचोचा | रु. ४०००००० |
| ६. | श्री हरिहर आधारभूत विद्यालय | बारेकोट-७ सुवाकोट | रु. ४०००००० |
| ७. | श्री जनप्रिय आधारभूत विद्यालय | बारेकोट-२ भैसामारे | रु. ३५००००० |
| ८. | श्री हिमज्योती आधारभूत विद्यालय | बारेकोट-२, ध्यारगाउँ | रु. ३५००००० |
| ९. | श्री भगवती आधारभूत विद्यालय | बारेकोट-८, लैखम | रु. ४०००००० |
| स्वास्थ्य संस्था तथा अन्य भवनहरु | | | |
| १०. | सामुदायिक स्वास्थ्य इकाई | बारेकोट-३, कठ्ठर रुम्सील | रु. ३५००००० |
| ११. | सामुदायिक स्वास्थ्य इकाई | बारेकोट-४, मैना | रु. ३५००००० |
| १२. | जडिवुटी संकलन केन्द्र भवन | बारेकोट २ लिम्सा | रु. ५५००००० |
| १३. | पशुपंक्षी विकास शाखा | बारेकोट २ लिम्सा | रु. ६०००००० |

लोकराज खत्री
प्रमुख प्रशासकीय अधिकृत



CamScanner

गाउँ कार्यपालिका
मिति:- २०८१/०६/१६

बारेकोट गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक संख्या:- ०४-२०८१/०८२)

**निर्णय नं. १५**

कर्णाली प्रदेश सरकार मन्त्रिपरिषदको निर्णयानुसार कर्णाली प्रदेशका विभिन्न जिल्ला खटिने स्वास्थ्यकर्मीहरुलाई साठ्ठी (६०) प्रतिशत थप प्रोत्साहन भत्ता स्वरुप उपलब्ध गराउँदै आएको हुँदा आधारभूत अस्पताल लिम्साको सेवा प्रवाहलाई प्रभावकारी रुपमा सञ्चालनका लागि मिति २०८१ साल कार्तिक १ गते देखि आधारभूत अस्पताल लिम्सामा मेडिकल अधिकृत पदमा कार्यरत डाक्टर श्री वर्षा खनाललाई निजको सुरू तलब स्केलको ६०% थप प्रोत्साहन भत्ता उपलब्ध गराउने।

**निर्णय नं. १६**

गाउँपालिकामा रहेको ब्यकहो लोडर (डोजर) सञ्चालनको लागि एक जना अपरेटर आवश्यक भएकोले ब्यकहो लोडर चालक अनुमति पत्र प्राप्त एक जनालाई आन्तरिक स्रोतबाट करार सम्झौता अनुसार सेवा सुविधा दिने गरि नियुक्ति गर्ने।

लोकराज खत्री
प्रमुख प्रशासकीय अधिकृत